# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## अर्थपूर्ण वित्तीय समावेशीकरण अहिलेको आवश्यकता

(गभर्नर डा. खतिवडा 'विद्युतीय वित्तीय सेवा विस्तार' विषयक कार्यशाला गोष्ठीमा)

संयुक्त राष्ट्र संघीय पुँजी विकास कोष (United Nations Capital Development Fund (UNCDF) को सहयोगमा नेपालमा सञ्चालित Mobile Money for the Poor (MM4P) को तैयारी चरण अन्तर्गतका विभिन्न कार्यहरु मध्ये Expanding Digital Financial Services in Nepal विषयक



वैशाख ११-१२, २०७१ मा काठमाडौंमा एक कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रमको समुद्घाटन गर्दै गभर्नर डा. युवराज खतिवडाले मुलुकमा वित्तीय समावेशीकरण प्रबर्द्धन गर्नको लागि सरोकारवाला सबै निकायहरुबीच पारस्परिक समन्वय र सहयोगको आवश्यकता पर्ने र यसका लागि अनुकूल वातावरण सिर्जना गर्न नेपाल राष्ट्र बैंकले सदैव सहयोग गर्ने विचार व्यक्त गर्नु भयो ।

नेपालमा केही बैंकहरुले शाखारहित बैंकिङ सेवाको शुरुवात गरेको भए तापनि अर्थपूर्ण वित्तीय समावेशीकरणको अझै पनि खाँचो रहेको उहाँले बताउनु भयो । मुलुकको भौगोलिक अवस्था, प्रविधि विकासको अवस्था एवम् नियमन व्यवस्थालाई दृष्टिगत गरी उपयुक्त माध्यमको शाखारहित वित्तीय सेवाको माध्यम अवलम्बन गर्नुपर्ने र यस सन्दर्भमा केन्द्रीय बैंक सामु पनि थुप्रै चुनौतीहरु रहेको तर्फ उहाँले सङ्केत गर्नु भयो । शाखारहित वित्तीय सेवालाई विस्तार गर्ने क्रममा वित्तीय सेवा प्रदायक र प्रविधि सेवा प्रदायकबीचको कार्यगत भिन्नता, ग्राहक पहिचान व्यवस्था, वित्तीय सेवाको मूल्य निर्धारण पक्ष, अन्तरनिहित जोखिम एवम् भुक्तानी प्रणालीमा संलग्न पक्षहरु ( सरकार, निजी क्षेत्र, बैंक आदि) लाई समेत

ध्यान दिइनु पर्ने तर्क उहाँले राख्नु भयो । यसका लागि बैंक तथा वित्तीय संस्थाले नेतृत्व गर्ने प्रकृतिको विधि नै बढी प्रभावकारी हुने विचार गभर्नर डा. खतिवडाले व्यक्त गर्नु भयो । भारतको Microsave ले सहजीकरण गरेको उक्त कार्यक्रममा UNCDF का Francios Coupienne ले नेपाल राष्ट्र बैंकसंगको सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दै MM4P अन्तर्गत शाखारहित एवम् मोबाइल बैंकिङ सेवालाई प्रभावकारी र सफल बनाउन प्रयत्नशील रहने विचार व्यक्त गर्नु भएको थियो ।

दुई दिनसम्म सञ्चालित उक्त कार्यक्रममा नेपाल सरकार, नेपाल राष्ट्र बैंक, नेपाल दूर सञ्चार प्राधिकरण, नेपाल विद्युत प्राधिकरण, बैंक, वित्तीय संस्था, विकास साझेदार, निजी क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमको समापन समारोहमा समापन वक्तव्य प्रस्तुत गर्दै डेपुटी गभर्नर महा प्रसाद अधिकारीले सम्बद्ध सरोकारवालाहरुसँगको अर्थपूर्ण सहकार्यबाट मात्र यस दिशामा अघि बढ्न सकिने र प्रविधि तथा नवीन अन्वेषणको माध्यमबाट मात्र वित्तीय समावेशीकरणको लक्ष्य प्राप्तिमा ठोस टेवा पुग्ने विचार व्यक्त गर्नु भएको थियो । नेपाल राष्ट्र बैंकले UNCDF संग धेरै अगाडिदेखि यस क्षेत्रमा सहकार्य गर्दै आएको स्मरण गराउँदै उहाँले नियमक निकायबाट जारी हुने नियमन व्यवस्थाहरु यथार्थमा सेवाग्राहीको सेवासुविधा तथा सुरक्षाको उद्देश्यबाट नै निर्देशित हुने तथ्य माथि जोड दिनुभएको थियो ।

२०७१ वैशाख १५ गते, सोमवार

गभर्नरको कार्यालय